# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, फागुन ११ गते २०३२ साल**


श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

सिचाइ विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सिचाइ विकास समिति (गठन) आदेश, २०३२" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सिचाइ विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) सिचाइ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सचिव, खाद्य, कृषि तथा सिचाइ मन्त्रालय– – अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– – – – सदस्य
(ग) प्रतिनिधि, जल तथा विद्युत् मन्त्रालय– – – सदस्य
(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– – – सदस्य
(ङ) महानिर्देशक, सिचाइ तथा जलवायु विज्ञान विभाग–सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत वा भारत सरकारको प्रतिनिधि वा विदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजनाको कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछः–

(क) परियोजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,
(ख) परियोजनाको निर्माण, कार्य संचालन गर्ने,
(ग) परियोजनाको निर्माण, संचालन वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,
(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,
(ङ) परियोजनाको कार्यान्वयनको लागि आवश्यक भएमा भारतबाट पनि प्राविधिज्ञहरू बोलाउने,
(च) परियोजनाको कार्यान्वयनको निमित्त अन्य आवश्यक कार्यहरू गर्ने,

५. समितिको कोषः समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) भारत सरकारबाट प्राप्त रकम,
(ख) समितिले अरू कुनै श्रोतबाट प्राप्त गरेको रकम ।

६. लेखापरीक्षणः (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियम बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब-किताव जाँच्न वा जचाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
EeCC

७. अधिकार प्रत्यायोजन गर्न सक्ने: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य–सचिव वा सदस्यहरूको उप–समिति वा परियोजनाको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू कुनै एक जना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ ।

(४) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

९. नियमहरू बनाउने: समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृती लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय, सिंचाइ तथा जलवायु विज्ञान विभागमार्फत सम्पर्क राख्नुपर्छ ।

११. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ ।

१२. खारेजी र बचाउ: (१) नहर र खानेपानी विकास समिति गठन आदेश, २०१४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम विघटन गरिएको समितिको नहरसम्बन्धी सबै चल तथा अचल सम्पत्ति यस समितिलाई हस्तान्तरण गरिएको छ ।

(३) सो विघटित समितिले गरिआएको नहरसम्बन्धी काम कारवाई यसै समितिले गरिआएको मानिनेछ र उक्त विघटित समितिसित भएको नहरसम्बन्धी ठेक्का–पट्टा तथा करारहरू समेत यसै समितिसित भएको मानिनेछ ।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।